**मिति २०७५ बैशाख ३ गते बसेको कार्यपालिका बैठकमा पेश भएकाएजेण्डाहरु**

१. विभिन्न वडामा तटवन्धन तर्फका योजनाहरु छनौट सम्बन्धमा ।
२. वडा नं. २ गेरेपानी नाला कल्भर्ट सम्बन्धमा ।
३. विभिन्न संघसंस्थालाई आर्थिक सहयोग सम्बन्धमा ।
४. वडा नं. ५ मा कालोपत्रे सम्बन्धमा ।
५. न.पा. भित्रका खोला नालाको IEE सम्बन्धी बजेट तर्जुमा सम्बन्धमा ।
६. विद्यार्थी भर्ना अभियान सम्बन्धमा
७. पशु सेवा तर्फको कार्यक्रम स्वीकृत सम्बन्धमा ।
८. वडा नं. १२ को विद्यालय तर्फको योजना संसोधन सम्बन्धमा ।
९. भूकम्प प्रतिरोधी कार्यक्रम संचालन सम्बन्धमा ।
१०. सृजनशिल समाजको सृजना, धनगढीको अनुकुलन सम्बन्धी कार्यक्रमको सहमती सम्बन्धमा ।
११. हलुका सवारी चालकको खाजा/खाना खर्च सम्बन्धमा ।
१२. न्यायिक समितिको बैठक भत्ता सम्बन्धमा ।
१३. बेण्डबाजाका लागी आर्थिक सहयोग सम्बन्धमा ।
१४. अगुवा कृषकको लागी अवलोकन भ्रमणमा सहभागी छनौट सम्बन्धमा ।
१५. न.पा. भित्रका ठूला योजनाहरु केन्द्रिय सरकारमा सिफारिस गर्ने सम्बन्धमा ।
१६. विभिन्न वडामा सिंचाई तर्फका योजना छनौट सम्बन्धमा ।

**निर्णय नं. १ :**

गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को भौतिक पूर्वाधार विकास योजना अन्तर्गत बुदा नं. १३ को विभिन्न वडामा नदी तट्वन्धन शिर्षक अन्तर्गत रु. १ करोड रकम विनियोजन भएकोमा उक्त शिर्षकबाट देहाय बमोजिमका योजनाहरु उपभोक्ता समितिबाट कार्य गर्ने गरि छनौट गर्ने र बाँकी रहेको रकमबाट तारजाली खरिद गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | खैराना खोला चैतन्यपुर हुँदै मनहरा पुलसम्म तट्वन्धन | वा.नं. १ | ४,५०,०००।- |
| २ | गोदावरी नदी बिष्ट टोल नजिक तट्वन्धन | वा.नं. २ | ९,००,०००।- |
| ३ | मोहना नदीमा मुक्त प्रा.वी. पश्चिम तट्वन्धन | वा.नं. ३ | ९,००,०००।- |
| ४ | खैराना नदी सरस्वती प्रा.वी.को उत्तरपट्टी तट्वन्धन | वा.नं. ४ | ४,५०,०००।- |
| ५ | गेटा कृषी माछापालन बाटो तट्वन्धन | वा.नं. ५ | ४,००,०००।- |
| ६ | माछापालन पछाडी बाटो तट्वन्धन | वा.नं. ५ | |
| ७ | कोली कटान खैराना नदीमा दुर्गा लक्ष्मी प्रा.वी.को किनार तिर विभिन्न स्थानमा तट्वन्धन | वा.नं. ६ | ४,५०,०००।- |
| ८ | मगर टोल उत्तर खैराना खोलामा तट्वन्धन | वा.नं. ७ | ३,००,०००।- |
| ९ | दान ब. शाहको घर देखि पश्चिम महेन्द्र राजमार्ग उत्तर दक्षिण तट्वन्धन | वा.नं. ७ | |
| १० | खुटिया शिव मन्दिर देखि माथी खुटिया खोलामा तट्वन्धन | वा.नं. ८ | १०,००,०००।- |
| ११ | धनचौरी नक्कली टोल खुटिया नदीमा तट्वन्धन | वा.नं. ९ | २०,००,०००।- |
| १२ | सेहरी अर्जुनी टोल खुटिया नदीमा तट्वन्धन | वा.नं. ९ | |
| १३ | खमौरा मुक्ति बस्तीमा तट्वन्धन | वा.नं. १० | ४,५०,०००।- |
| १४ | श्रीलंका टोलमा तट्वन्धन | वा.नं. १० | |
| १५ | चाक्लेखोला बाङ्गेसाल पूर्व तट्वन्धन | वा.नं. ११ | ४,५०,०००।- |
| १६ | गनगडे खोलामा तट्वन्धन, कोल्मुडा | वा.नं. १२ | ४,५०,०००।- |
| | **जम्मा** | | **८२,००,०००।-** |

**निर्णय नं. २ :**
गोदावरी नगरपालिका वा.नं. २ मा रहेको गेरेपानी नाला कल्भर्टको काम अधुरो रहेको हुँदा २ नं. वडा कार्यालयको सिफारिस अनुसार रु. १,००,०००।- रकम विनियोजन गरि कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**
यस नगरपालिकामा विभिन्न संघ संस्था तथा व्यक्तिहरुले विभिन्न किसिमका कार्यक्रम गर्न तथा अन्य उद्देश्यका साथ आर्थिक सहयोगको धेरै माँग आएको र आई रहेको हुँदा सबै माँगहरुलाई कार्यपालिका बैठकमा लगी सम्बोधन गर्न सम्भव नभएकोले बढीमा रु. ८,०००।- (आठ हजार) को परिधी भित्र रही नगर प्रमुखले कार्यान्वयनका लागी कार्यालयलाई आदेश दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**
गोदावरी नगरपालिका वा.नं. ५ मोती रानाको घर देखि गेटी आँखा अस्पताल जाने बाटो कालोपत्रे गर्न रु. ३०,००,०००।- (तीस लाख) रकम विनियोजन गरि कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**
नगर कार्यपालिकाको मिति २०७४/१०/२८ को निर्णय नं. ४ अनुसार यस नगरपालिका भित्रका खोला, नदीहरुबाट ठेक्का बन्दोबस्ती गरि आ.व. ०७५/७६ मा कर संकलन गर्नु पर्ने भएकोले सो कार्यका लागी खोला, नदीहरुको वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गर्ने प्रक्रिया अगाडी बढाउनका लागी रु. १०,००,०००।- (दश लाख) रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**
बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याई बाल अधिकारको सुनिश्चताका लागी "हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा" मूल नाराका साथ विद्यार्थी भर्ना अभियान - २०७५ लाई सफल पार्न मिति २०७५/१/५ गते वडा नं. २ को श्री दुर्गालक्ष्मी नमुना माध्यमिक विद्यालय अत्तरिया र मिति २०७५/१/६ गते वडा नं. ५ को श्री सरस्वती नमुना माध्यमिक विद्यालय गेटामा आयोजना हुने कार्यक्रमलाई भब्य र सब्य बनाउन वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु र वडाका पदाधिकारीहरुले सक्रिय रुपमा सहयोगी गरि कार्यक्रम सफल बनाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :**
चालु आ.व. ०७४/७५ का लागी पशु सेवा शाखाबाट प्रस्ताव गरिएको देहाय बमोजिमको कार्यक्रमलाई स्वीकृत गरि कार्यान्वयनका लागी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

| क.सं. | कार्यक्रमको नाम | परिणाम | रकम |
|---|---|---|---|
| १ | भैंसीपालन प्याकेज कार्यक्रम | २ वटा | १३,००,०००।- |
| २ | बंगुरपालन प्याकेज कार्यक्रम | १ वटा | ३,८५,०००।- |
| ३ | बाखापालन प्याकेज कार्यक्रम | २ वटा | २४,००,०००।- |
| ४ | सहकारी खेती (बंगुर) | १ वटा | ४,६९,०००।- |
| | **जम्मा** | | **४५,५४,०००।-** |

**निर्णय नं. ८ :**
चालु आ.व. ०७४/७५ मा कार्यान्वयन गर्ने गरि मिति २०७४/१२/५ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय नं. ५ अनुसार वडा नं. १२ मा विद्यालय तर्फ योजना स्वीकृत भएकोमा उक्त योजनालाई वडा कार्यालयको सिफारिस बमोजिम देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

<table>
<tr><th>क्र.सं.</th><th>कार्यपालिकाबाट स्वीकृत योजनाको नाम</th><th>रकम</th><th>संसोधित योजनाको नाम</th><th>रकम</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">जनप्रभात विद्यालय पर्खाल निर्माण र भगवती प्रा.वी. सिम २ कोठे पक्कि भवन निर्माण र पर्खाल घेरवार</td><td rowspan="2">३,००,०००।-</td><td>जनप्रभात मा.वि.को खानेपानी कुवामा समरसेवल पम्प जडान</td><td>१,००,०००।-</td></tr>
<tr><td>भगवती प्रा.वी.को विद्यालय घेरवार</td><td>२,००,०००।-</td></tr>
</table>

**निर्णय नं. ९ :**
यस नगरपालिका भित्र घर निर्माणको कार्य तिब्र गतीमा भईरहेकोमा भूकम्प प्रतिरोधी घर निर्माण गर्नु आजको आवश्यकता र नेपाल सरकारको नीति अनुरुप दक्ष मिस्त्री तयार पारी सुक्षित घर निर्माणमा टेवा पुग्ने हेतुले प्रत्येक वडाबाट ५ जनाको सहभागिता हुने गरि ६० जना दक्ष मिस्त्री उत्पादन गर्न मिस्त्री तालिम संचालनका लागी रु. ३,९०,०००।- (तीन लाख नब्बे हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**
सृजनशिल समाजको सृजना, धनगढी कैलालीले यस नगरपालिका भित्र X-अनुकुलन परियोजना संचालनका लागी सहमती माँग गरेकोमा उक्त संस्थालाई स्थानीय तहसँग समन्वय गरि कार्यक्रम संचालन गर्ने सहमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**
यस नगरपालिकाको एउटा मात्र हलुका सवारी साधन भएको र उक्त गाडी निकै ब्यस्त रहने भएको हुँदा ड्राईभर श्री बासुदेव भट्टलाई कार्यालय समय भन्दा बढी काम गरे वापत मिति २०७४/७/२७ गतेको कार्यपालिकाको निर्णय नं. २७ अनुसार उपलब्ध गराउँदै आएको सुविधा कटौती गरि मिति २०७५ बैशाख १ गतेबाट दैनिक १५०।- खाना/खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२ :**
नेपालको संविधान, २०७२ ले ब्यवस्था गरे अनुसार कानून बमोजिम आफ्नो क्षेत्र भित्रका विवाद निरुपण गर्न उप-प्रमुख ज्यूको संयोजकत्वमा गठित न्यायिक समितिको बैठक बस्दा मासिक बढीमा २ वटा बैठकसम्मको लागी न्यायिक समितिका सदस्यहरु ३ जना र १ जना सहयोगी कर्मचारीलाई प्रति बैठक १,५००।- (एक हजार पाँच सय) दरले बैठक भत्ता उपलब्ध गराउने र न्यायिक समितिमा सहयोगी कर्मचारीको रुपमा यस कार्यालयका ना.सु. श्री गोविन्द राज जैशीलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**
गोदावरी नगरपालिका वडा नं. ११ को सिफारिस अनुसार श्री बिर बहादुर दमाई लगायतको समूहलाई बेण्डबाजा खरिदका लागी रु. १,५०,०००।- (एक लाख पचास हजार) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :**
गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को कृषि, सहकारी र पशु विकास सम्बन्धी कार्यक्रम अन्तर्गत बुदा नं. ७ को कृषक तथा जनप्रतिनिधीको संयुक्त भ्रमण कार्यक्रमका लागी रु. ३ लाख रकम विनियोजन भएकोले उक्त कार्यक्रममा सहभागिताका लागी वडा कार्यालयको सिफारिसमा प्रत्येक वडाबाट १/१ जनाका दरले वडाका पदाधिकारी र २/२ जना अगुवा कृषक पठाउने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को भौतिक पूर्वाधार विकास योजना अन्तर्गत बुदा नं. ११ को विभिन्न वडामा नयाँ तथा पुराना सिंचाई योजना शिर्षक अन्तर्गत रु. ५० लाख रकम विनियोजन भएकोमा उक्त शिर्षकबाट देहाय बमोजिमका योजना छनौट गरि उपभोक्ता समितिबाट कार्यान्वयन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | खैरेनीमा डिप ट्यूवेल | वा.नं. ७ | १८,००,०००।- | |
| २ | हलुडे सिंचाई योजना | वा.नं. १२ | ७,००,०००।- | |
| ३ | गुणाकर ओझाको जग्गामा साझा बोरिङ्गको घरछानो निर्माण | वा.नं. ७, थापाटोल | १,००,०००।- | |
| | **जम्मा** | | **२६,००,०००।-** | |
| | **पम्पसेट तथा पाईप खरिद गरिने योजनाहरु** | | | |
| ४ | बिरबल बिष्टको घर नजिक पम्पसेट पाईप | वा.नं. २ | १,३०,०००।- | |
| ५ | पिपल चौतारा उत्तर टोल नरि साउँदको जमिन निर १ थान सिंचाइ बोरिङ्ग | वा.नं. ३ | १,३०,०००।- | |
| ६ | जंग बहादुर सुनारको घर नजिक १ थान सिंचाइ बोरिङ्ग | वा.नं. ३ | १,३०,०००।- | |
| ७ | खैराना सरस्वती नगर टोलको बिष्ट बस्तीमा सिंचाई बोरिङ्ग | वा.नं. ४ | १,३०,०००।- | |
| ८ | बरबट्टा टोलमा १ थान सिंचाइ बोरिङ्ग | वा.नं. ५ | १,३०,०००।- | |
| ९ | बडीमालिका तरकारी समूहमा सिंचाईका लागी १ थान सिंचाई बोरिङ्ग | वा.नं. ६ | १,५०,०००।- | |
| १० | भिम चौधरीको घर नजिक १ थान सिंचाइ बोरिङ्ग | वा.नं. ७ | १,३०,०००।- | |
| ११ | न्यू कालिका महिला कृषक समूहलाई सिंचाईका लागी मोटर र हरियाली तरकारी उत्पादन कृषक समूहलाई सिंचाईका लागी बोर र मोटर जडान | वा.नं. ८ | १,३०,०००।- | |
| १२ | मल्लो धनचौरी दलित टोलमा बोरिङ्ग पम्पसेट | वा.नं. ९ | ८४,०००।- | |
| १३ | अर्जुनी टोलमा ८ एच.पी.को पम्पसेट | वा.नं. ९ | ५५,०००।- | |
| १४ | कठायत टोलको विपन्न परिवारमा सिंचाइका लागी १ थान सिंचाइ बोरिङ्ग | वा.नं. १० | १,३०,०००।- | |
| | **जम्मा** | | **१३,२९,०००।-** | |
| | **सिंचाइका अन्य योजनाहरु** | | | |
| १५ | तखत खत्रीको घर नजिक ट्यूवेल मर्मत सम्भार | वा.नं. १ | १,३०,०००।- | |
| १६ | न्यू जल उपभोक्ता समूहलाई टि.डि.व. मिटर जडान | वा.नं. १० | ५०,०००।- | |
| १७ | प्रगतीशिल उपभोक्ता समूहको डिप ट्यूवेल मर्मत | वा.नं. १० | ५०,०००।- | |
| १८ | हरियाली जल उपभोक्ता समूहको सिंचाइ टंकी मर्मत | वा.नं. १२ | १,५०,०००।- | |
| १९ | तल्लो दमाई मूल टोल बस्ती सिंचाइ व्यवस्थापनका लागी विद्युत मोटर र १०० मी. पाईप | वा.नं. १२ | १,३०,०००।- | |
| | **जम्मा** | | **५,१०,०००।-** | |
| | **कूल जम्मा** | | **४४,३९,०००।-** | |